(राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८३/०५/१० गते बसेको २९ औं बैठकबाट स्वीकृत)

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय (तेस्रो संशोधन) मापदण्ड, २०८३

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय (तेस्रो संशोधन) मापदण्ड, २०८३

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

सहकारी ऐन, २०७४ को दफा १०३ज. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सहकारी नियमन प्राधिकरणले देहायका मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय (तेस्रो संशोधन) मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ को बुँदा २नं मा संशोधनः** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड,२०८२ (यसपछि मूल मापदण्ड भनिएको) को परिच्छेद १ को बुँदा नं २ को उपबुँदा २.७ पछि देहायको उपबुँदा २.७क. थपिएको छ:-

"२.७क. प्रमुख कार्यकारी पद" भन्नाले संस्थाको प्रमुख कार्यकारी अधिकृत, प्रशासकीय वा व्यवस्थापकीय प्रमु भई कार्य गर्न तोकिएको पद सम्झनु पर्छ।"

३. **मूल मापदण्डको परिच्छेद ७ को बुँदा नं १. मा संशोधन** : मूल मापदण्डको परिच्छेद ७ को बुदा नं १ को उपबुँदा १.३ पछि देहायको १.३क. थपिएको छ:-

"१.३क. उपबुँदा १.३ बमोजिम अवधि गणना गर्दा ऐनको दफा ४१ को उपदफा ३क प्रारम्भ भएको मितिमा बहाल रहेको हकमा सो अवधि पहिलो कार्यकालको रुपमा गणना हुनेछ।"

४. **मूल मापदण्डको परिच्छेद ७ को बुँदा नं २. मा संशोधन** : मूल मापदण्डको परिच्छेद ७ को बुँदा नं २ को उपबुँदा २.८ पछि देहायको २.९ थपिएको छ:-

२.९ संस्थाको सञ्चालक, प्रमुख कार्यकारी तथा निजको परिवारको नाउँमा रहेको घर भाडामा लिई कार्यालय सञ्चालन गर्न पाइने छैन। यस बुँदा विपरीत कार्यालय सञ्चालन भएको भएमा छ महिनाभित्र यस मापदण्ड बमोजिमको व्यवस्था गर्नुपर्नेछ।"

५. <u>**मूल मापदण्डको परिच्छेद ९ मा बुँदा नं १क. थप**</u>: मूल मापदण्डको परिच्छेद-९ को बुँदा नं १ पछि देहायको बुँदा नं १क. थपिएको छ :-

"१क. **पूर्व स्वीकृति सम्बन्धी व्यवस्था**: बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता वा उद्देश्य परिवर्तन गर्नका लागि पूर्व स्वीकृति देहायका आधारमा दिनु पर्नेछः

१. निवेदन,

२. प्रस्तावित सहकारी संस्थाका सदस्यहरु समान प्रकृतिको अन्य कुनै सहकारी संस्थाको सदस्य नभएको भनी गरिएको स्वघोषणा,

३. सहकारी ऐन, २०७४ को दफा ३ को उपदफा (४) बमोजिम सदस्य संख्या पुगेको,

४. प्रस्तावित कार्यक्षेत्रमा भौगोलिक रुपमा निरन्तरता कायम भएको,

५. संस्थाको न्यूनतम ५ वर्षको लागि व्यवसायिक योजना समावेश भएको,

६. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको लागि प्राधिकरणबाट जारी भएको मापदण्ड बमोजिम तोकिएको योग्यता भएका संचालक पदाधिकारी, लेखा सुपरिवेक्षणका सदस्यहरु, व्यवस्थापक र कर्मचारीको योग्यता कायम गर्ने प्रतिबद्धता,

७. स्थानीय तहको सिफारिस,

८. पूर्व स्वीकृतिको लागि संस्थाबाट पेश गरेको व्यवसायिक योजना कार्यान्वयनको संभाव्यता,

९. पूर्वाधारको (कम्तिमा ५ बर्षको लागि प्रस्तावित कार्यालय भवन र स्वरुप, बचत रकमको सुरक्षा, बजारको अवस्था, लगानीको लागि संभाव्य क्षेत्र) अवस्थाको सन्दर्भमा प्राधिकरणबाट भएको स्थालगत अनुगमन तथा प्रतिवेदन।"